# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असार ३० गते २०६० साल (अतिरिक्ताङ्क १५(घ)

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका ऐन तथा नियमावलीहरुको देहायका अधिकारहरु क्षेत्रीय प्रशासकलाई प्रत्यायोजन गरेको छ ।

१. सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ को उपदफा (१) बमोजिम सशस्त्र प्रहरी संचालन गर्ने श्री ५ को सरकारमा निहित अधिकार

२. निजामती सेवा ऐन २०४९ को ,-

क) दफा १८ अनुसार केन्द्रीयस्तरका बाहेक अन्य कार्यालयका राजपत्र अनंकित कर्मचारीलाई सम्बन्धित सेवा, समूह, उपसमूह मिल्ने गरी अन्तरविभागीय समेत सरुवा गर्ने,

ख) दफा १८क. अनुसार केन्द्रीयस्तरका बाहेक अन्य कार्यालयका कर्मचारीहरुलाई काज खटाउने,

ग) दफा २४क. बमोजिम क्षेत्रीयस्तर र क्षेत्रीय प्रकृतिका एक जिल्लाभन्दा बढी कार्यक्षेत्र भएका कार्यालयहरुको कार्यालय प्रमुख, विभागीय प्रमुख र जिल्लास्तरीय विभागीय प्रमुखको हकमा सुपरीवेक्षकको हैसियतले कार्य सम्पादनको मूल्यांकन गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घ) दफा ५५क. बमोजिम केन्द्रीयस्तरका वाहेक अन्य कार्यालयका राजपत्रांकित प्रथम श्रेणीसम्मका कर्मचारीलाई चेतावनी दिने,

ङ) दफा ७२ ले दिएको अधिकार प्रयोग गरी दफा ५९ को खण्ड (क) बमोजिम सामान्य विभागीय सजाय गर्ने सम्वन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १०६ को खण्ड (क) र (ख) बमोजिम केन्द्रीयस्तरका बाहेक अन्य कार्यालयका कर्मचारीलाई सम्वन्धित सचिवले दिने सजायको आदेश दिने र विभागीय प्रमुखले सजायको आदेश दिएकोमा सो आदेश उपर पुनरावेदन सुन्ने,

३. निजामती सेवा नियमावली, २०५० को ,-

क) नियम ६५ अनुसार क्षेत्रीयस्तर र क्षेत्रीय प्रकृतिका एक जिल्लाभन्दा वढी कार्यक्षेत्र भएका कार्यालय प्रमुख, विभागीय प्रमुख र जिल्लास्तरीय विभागीय प्रमुखहरुको असाधारण र अध्ययन विदा वाहेक अन्य विदा स्वीकृत गर्ने,

ख) नियम ११६ बमोजिम पुरस्कार दिने,

ग) नियम ११६क. को उपनियम (३) को खण्ड (क) बमोजिम पुरस्कार पाउनको लागि सिफारिश गर्ने,

४. जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को उपदफा (२) बमोजिम सम्बन्धित क्षेत्रभित्रको मुआब्जाका सम्बन्धमा उजुर सुन्ने,

५. संस्था दर्ता ऐन, २०३४ को दफा ४ को उपदफा (३) र (४) को प्रयोजनको लागि स्थानीय अधिकारीले गरेको निर्णय उपर उजुर सुन्ने र आदेश दिने ,

६. राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ६ बमोजिम सजाय गर्ने,

७. सरकारी कार्यालय (निरीक्षण) नियमावली, २०२६ को नियम ५ बमोजिम आफ्नो क्षेत्रभित्रका सरकारी कार्यालय (शाही नेपाली सेना, न्यायिक निकाय र संवैधानिक अंगका निकायहरु वाहेक) को नियम ३ बमोजिम निरीक्षण भए नभएको हेर्ने तथा आवश्यकता अनुसार निरीक्षण गर्ने,

८. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ६ को उपदफा (४) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर पुनरावेदन सुन्ने,

९. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६९ बमोजिम यातायात व्यवसायीहरुलाई यातायात सेवालाई सरल तथा सुलभ बनाउन निर्देशन दिन सक्ने ।

## सूचना २

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका अधिकारहरु प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गरेको छ ।



आँधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८५८

१) निजामती सेवा ऐन, २०४९ को दफा २४क. बमोजिम कार्यालय प्रमुखको हकमा सुपरीवेक्षकको हैसियतले कार्य सम्पादनको मूल्यांकन गर्ने,

२) निजामती सेवा नियमावली, २०५० को नियम ६५ बमोजिम जिल्लास्तरीय कार्यालय प्रमुखहरुको असाधारण र अध्ययन विदा वाहेक अन्य विदा स्वीकृत गर्ने ।

आज्ञाले,
टीकादत्त निरौला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।